मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# सोनाम ल्होछारको शुभकामना

सोनामा अर्थात् तामाङ समुदायको महान् पर्व सोनाम ल्होछारको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण तामाङ नेपाली दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, समुन्नति र दीर्घजीवनको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

तामाङहरूलाई प्रकृति प्रेमी समूदायकारुपमा चिनिन्छ, विशेष गरी नेपालमा तामाङ जातिले सोनाम ल्होछारका अवसरमा कूल पूजा र प्रकृतिको पूजा गर्ने गर्दछन् । नयाँ वर्षको रुपमा समेत मनाईने पर्वले यस समुदायमा छोरी चेलीलाई बोलाएर टिका लगाइदिने गरिन्छ । नकारात्मक तत्त्वहरूलाई हटाउँदै आशा जगाउने सकारात्मक तत्त्वहरूको आत्मसात गर्दै यस समुदायले आज विभिन्न तान्त्रिक विधि अनि मुखौटा लगाएर नृत्य गरेर मनोरञ्जन गर्ने परम्परा छ ।

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय विशेषता भएको मुलुक हो । यस प्रदेशमा प्रत्येक जाति र समुदायमा आआफ्नै संस्कार, संस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा, पहिचान र सभ्यता विद्यमान छन् । जुन यो प्रदेशको अमूल्य सम्पत्ति हो । प्रदेश सरकार सबै जाति र समुदायका यस्ता मौलिक विशेषता, पहिचान र सभ्यताको संरक्षण र संवर्धन गर्न क्रियाशील एवम् प्रतिवद्ध छ ।

सोनाम ल्होछार पर्वले तामाङ समुदायसहित सम्पूर्ण नेपालीका विचमा बन्धुत्व, प्रेम, सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकताको सूत्रलाई बलियो बनाउने कुरामा म विश्वस्त छु । अन्तमा आफ्नै मौलिक संस्कृति र पहिचानले सम्पन्न भएको सोनाम ल्होछार पर्वका अवसरमा फेरि पनि सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मिति २०८० माघ २७ गते शनिवार
नेपाल संवत् ११४४ सिल्लाथ्व पारु

केदार कार्की
मुख्यमन्त्री